# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं, भदौ ९ गते २०६२ साल (अतिरिक्ताङ्क ३३(ख


## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

माननीय कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री श्री निरञ्जन थापा फिलिपिन्सको कानून तथा न्याय प्रणालीको अवलोकन तथा परामर्श भ्रमणका सिलसिलामा २०६२ भदौ १० गते त्यसतर्फ जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको कार्यभार अर्थ मन्त्रालय र श्रम तथा यातायात व्यवस्था मन्त्रालयको समेत कार्यभार सम्हाल्नु हुने माननीय स्थानीय विकास मन्त्री श्री खड्गबहादुर जी.सी. ले सम्हाल्न हुनेछ ।

### सूचना २

माननीय महिला, बालबालिका तथा समाज कल्याण मन्त्री श्रीमती दुर्गा श्रेष्ठ चौथो विश्व महिला सम्मेलनको दशौं वार्षिकोत्सव कार्यक्रममा भागलिन २०६२ भदौ ११ गते चीनको बेइजिङ्गतर्फ जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको कार्यभार माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री बुद्धिराज बज्राचार्यले सम्हाल्नु हुनेछ ।

हुकुम बक्सेबमोजिम,

मी.सु. पशुपतिभक्त महर्जन

श्री ५ महाराजाधिराजका मुख्य प्रमुख सचिव


मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।